# रामधुनी नगरपालिकाको स्व-रोजगार कार्यक्रम सञ्चालन कार्यविधि-२०८१

रामधुनी नगरपालिका

नगर कार्यापालिकाको कार्यालय

कोशि प्रदेश नेपाल

प्रमाणिकरण मिति:२०८२असार८गते

.......................................

शंकरलाल चौधरी

नगर प्रमुख

शंकर लाल चौधरी
नगर प्रमुख
रामधुनी नगरपालिका

CS CamScanner

## रामधुनी नगरपालिकाको स्व-रोजगार कार्यक्रम सञ्चालन कार्यविधि-२०८१

कार्यपालिकाबाट स्वीकृत मिति :........................

**प्रस्तावना:** वैदेशिक रोजगारीबाट स्वदेश फिर्ता आएका व्यक्ति पुन: बाध्यात्मक वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्न, स्थानीय तहको वैदेशिक रोजगारी माथिको परनिर्भरता कम गर्न र स्थानीय स्तरमा आर्थिक पुन:एकीकरणका अवसरहरू सिर्जना गर्न तथा उद्यमशीलता प्रवर्द्धन गरी रोजगारी र आय वृद्धि गर्न रामधुनी नगरपालिकामा वैदेशिक रोजगारीबाट फिर्ता आएका व्यक्तिहरूलाई स्व-रोजगारको अवसर प्रदान गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी रामधुनी नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद- १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "रामधुनी नगरपालिकाको स्व-रोजगार कार्यक्रम सञ्चालन कार्यविधि-२०८१" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भएपश्चात् प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले रामधुनी नगरपालिकालाई सम्झनुपर्छ ।

(ख) "नगर कार्यपालिका" भन्नाले रामधुनी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "कार्यालय" भन्नाले रामधुनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(घ) "कार्यक्रम" भन्नाले वैदेशिक रोजगारीबाट फर्केका नागरिकहरूका लागि सञ्चालित स्व-रोजगार कार्यक्रमलाई सम्झनुपर्छ ।

(ङ) "सञ्चालक समिति" भन्नाले यस कार्यविधिको दफा ११ बमोजिमको कार्यक्रम सञ्चालन समितिलाई सम्झनुपर्छ ।

(च) "अनुगमन तथा सुपरीवेक्षण समिति" भन्नाले यस कार्यविधिको दफा १४ बमोजिमको अनुगमन तथा सुपरीवेक्षण समितिलाई सम्झनुपर्छ ।

(छ) "सदस्य" भन्नाले दफा ११ र १४ बमोजिमको समितिका सदस्यहरूलाई सम्झनुपर्छ।

(ज) "बीऊ पुँजी" भन्नाले उत्पादनमूलक, सेवामूलक वा व्यापार व्यवसाय सञ्चालन गर्नका लागि दफा १९ बमोजिम छनौट भएका लाभग्राहीहरुलाई कार्यालयबाट प्रदान गरिने चक्रीय बीऊ पुँजी नगदलाई सम्झनुपर्छ।

(झ) "वस्तुगत अनुदान" भन्नाले उत्पादनमूलक, सेवामूलक वा व्यापार व्यवसाय सञ्चालन गर्नका लागि दफा १९ बमोजिम छनौट भएका लाभग्राहीहरुलाई कार्यालयबाट प्रदान गरिने भौतिक संरचना निर्माण, मेसिन उपकरण लगायतको वस्तुगत अनुदान लाई सम्झनुपर्छ।

(ञ) "लाभग्राही" भन्नाले यस कार्यविधिको दफा ७ बमोजिम योग्यता भएका र दफा १९ बमोजिम छनौट भएका व्यक्ति, समूह, सहकारी, निजी तथा साझेदारी फर्म तथा कम्पनीहरूलाई सम्झनुपर्छ ।

**३. कार्यक्रमको उद्देश्य:** वैदेशिक रोजगारीबाट फिर्ता आएका व्यक्तिहरूले कृषि तथा गैर कृषि क्षेत्र अन्तर्गतको आयआर्जन, लघु, घरेलु तथा साना उद्यम व्यवसाय सम्बन्धी उत्पादनमूलक, सेवामूलक वा व्यापार व्यवसाय सम्बन्धी नयाँ वा विस्तारयोग्य व्यवसायिक क्रियाकलापहरू सञ्चालन गर्नका लागि स्थानीय

प्रमाणिकरण मिति:२०८२असार ६ गते

..............................

शंकरलाल चौधरी

नगर प्रमुख

तहबाट वस्तुगत अनुदान वा चक्रीय बीऊ पुँजी रकम वा दुवै प्रदान गरी लाभग्राहीलाई स्वदेशमै स्व-रोजगारको अवसर प्रदान गरिनेछ ।

## परिच्छेद- २

## सञ्चालन, सीमा, लगानीका क्षेत्र, लाभग्राही र योग्यताहरू

४. **कार्यक्रम सञ्चालनः** (१) वैदेशिक रोजगारीबाट फिर्ता आएका व्यक्तिहरूका लागि स्व-रोजगार कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गरिनेछः

(क) कार्यक्रमको सञ्चालन स्थानीय तहको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार वैदेशिक रोजगारीवाट फर्केका नागरिकहरूलाई स्व-रोजगार आर्थिक/वस्तुगत सहयोग अनुदान कार्यक्रमका लागि तोकिएको बजेट अनुसार कार्यान्वयन गरिनेछ ।

(ख) रीतपूर्वक आवेदन गरेका रामधुनी नगरपालिकाको कार्यक्षेत्र भित्रका वैदेशिक रोजगारीबाट फिर्ता आएका नेपाली नागरिकहरू मध्ये बेरोजगार वा व्यवसायिक कार्य विस्तार गर्न चाहने व्यक्ति तथा फर्म सञ्चालकहरू लाभान्वित हुन सक्नेछन् ।

(ग) कार्यक्रम कार्यान्वयन गर्दा कुनै दातृ संस्था वा सरकारी निकायहरूबाट योगदान हुने भएमा सो सम्बन्धमा उक्त निकायसँग समन्वय गरिनेछ ।

५. **लगानीका क्षेत्रहरूः** यस कार्यक्रमका लागि लगानीका क्षेत्रहरू देहाय वमोजिमको हुनेछः

(क) **उत्पादनमूलक उद्यमः** कृषि वा गैरकृषि क्षेत्रको वस्तु उत्पादन गर्ने व्यावसायिक र औद्योगिक कार्य जसले उपभोक्ताको आवश्यकता पूरा गर्दछ । जस्तैः पशु, पशुजन्य उत्पादन, कृषिजन्य उत्पादन, कपडा, साबुन, कृषि औजार, कागज, बेकरी, आदि ।

(ख) **सेवामूलक उद्यम :** सेवा-उन्मुख व्यवसाय जसले अमूर्त उत्पादनहरू वा सेवाहरू प्रदान गर्दछ । उपभोक्ताको आवश्यकता र इच्छाहरू पूरा गर्न विशेषज्ञता, सहायता, वा समाधानहरू प्रदान गर्ने कार्यहरू पर्दछन् । जस्तैः सौन्दर्य सेवा, परामर्श सेवा, प्राविधिक सेवा, ढुवानी सेवा आदि ।

(ग) **व्यापार व्यवसायः** विभिन्न किसिमका वस्तु उत्पादक वा बिक्रेताबाट प्रत्यक्ष खरिद वा सङ्कलन कर्ताहरूबाट खरिद गरी बिक्री वितरण, प्रशोधन वा निर्यात प्रवर्द्धन गर्ने व्यावसायिक कार्यहरू ।

(घ) **परम्परागत सीपसँग सम्बन्धित व्यवसायः** समाजमा परापूर्वकाल देखि चलिआएको परम्परागत व्यवसायिक कार्यहरू, जस्तैः आरन, कपाल काट्ने सैलुन, माटोको वस्तु निर्माण, मुडा, छालाको वस्तु, पौराणिक बाजागाजा, सुन/चाँदी/तामा/पितल र अन्य धातुका उत्पादनहरू, पुष्प व्यवसाय, दुना टपरी एवम् काठ/बाँस/रेसा, ढाकाको कपडा, जडीबुटी-थेरापी, राडी पाखी, ढुङ्गाको टायल, काष्ठकला, गुन्द्रुक, किनेमा आदि ।

(ङ) **सीपमा आधारीत अन्य व्यवसायिक कार्यः** सीपयुक्त क्षमता वा प्राविधिक सीपमा आधारित विभिन्न किसिमको सेवामूलक कार्यहरू । जस्तैः व्यवसाय, जडान तथा नव निर्माण एवम् मर्मत संभार सम्बन्धी सेवाहरू, संबै खालका रिपेयरिङ्ग केन्द्र वा ग्यारेजहरू, फोटो व्यवसाय, फाईन आर्ट, फास्टफुड पसल, इ-रिक्सा, फोहरमैला सङ्कलन वा प्रशोधन, मोवाईल मर्मत, ग्रिल उद्योग, ब्यूटिसियन, प्याकेजिङ्ग, ब्रान्डिङ, कम्प्युटर र नयाँ प्रविधिसँग सम्बन्धित सीपहरू आदि ।

६. **चक्रीय बीउपुँजी प्राप्तिका सीमाहरुः** वैदेशिक रोजगारीबाट फर्केका नागरिकहरूलाई स्व-रोजगार बन्नका लागि देहाय अनुसार वस्तुगत अनुदान वा चक्रीय बीऊ पुँजी रकमको सीमा निर्धारण गरिएको छः

प्रमाणिकरण मितिः२०८२असार ९ गते

शंकरलाल चौधरी

नगर प्रमुख

(क) व्यक्तिगत लाभग्राहीलाई बढीमा रु.१०००००।- एक लाखसम्म ।

(ख) उत्पादक समूह बढीमा रु. ५०००००।- पाँच लाखसम्म ।

(ग) सहकारी संस्था, निजी/ साझेदारी फर्म तथा कम्पनी बढीमा रु. १००००००।- दश लाखसम्म ।

७. **लाभग्राहीहरूको योग्यता:** यस कार्यक्रमबाट लाभ लिन योग्य लाभग्राहीको योग्यता देहाय बमोजिमको हुनेछ:

(१) व्यक्तिगत लाभग्राहीको हकमा :

(क) वैदेशिक रोजगारीबाट फर्किएको नेपाली नागरिक ।

(ख) स्थायी बसोबास र कार्यस्थल रामधुनी नगरपालिका नै रहेको ।

(ग) न्युनतम २५ वर्ष पूरा भएको र ५५ वर्ष ननाघेको ।

(घ) रोजगार सेवा केन्द्रमा बेरोजगार सूचीमा सूचीकृत भएको व्यक्तिलाई प्राथमिकता दिइने ।

(ङ) तर व्यवसाय गरिरहेको र विस्तार गर्न चाहेको व्यक्तिको हकमा खण्ड (घ) अनिवार्य छैन ।

(च) सेवा प्रदायकको हकमा आफूले प्रदान गर्न खोजेको सेवा सम्बन्धी इजाजत पत्र वा तालिम वा अध्ययन वा कार्य अनुभव सम्बन्धी प्रमाण भएको ।

(छ) आवेदन गर्ने अन्तिम मितिसम्ममा वैदेशिक रोजगारीबाट स्वदेश फिर्ता आएको मितिले (१०) दश वर्ष ननाघेको व्यक्ति ।

**(२) समूहगत लाभग्राहीको हकमा :**

(क) समूहका सदस्यहरूमा प्रमुख पाँच पदाधिकारीहरु मध्ये कम्तीमा तीन जना वैदेशिक रोजगारीबाट फिर्ता आएका नेपाली नागरिक वा तीनका परिवार सदस्य भएको ।

(ख) कम्तीमा ५ जना तथा बढीमा २१ जनासम्म सम्मिलित भई निर्णय भएको ।

(ग) समूह दर्ता र नवीकरण भएको ।

(घ) अन्तिम आ.व. को लेखा परीक्षण भएको।

**(३) सहकारी संस्थाको हकमा :**

(क) सम्बन्धित निकायमा दर्ता भई निष्कृय नरहेको ।

(ख) अन्तिम कर चुक्ता र अन्तिम आ.व. को लेखा परीक्षण भएको ।

(ग) सहकारीको सदस्यहरूमा प्रमुख पाँच पदाधिकारी मध्ये कम्तीमा तीन जना वैदेशिक रोजगारीबाट फिर्ता आएका नेपाली नागरिक वा तीनका परिवार सदस्य भएको ।

(घ) सहकारी संस्थाको कुल सेयर मध्ये वैदेशिक रोजगारीबाट फिर्ता आएको व्यक्ति वा तिनका परिवारको कम्तिमा ५० प्रतिशत सेयर भएको ।

**(४) निजी/साझेदारी फर्म तथा कम्पनीको हकमा :**

(क) दर्ता र नवीकरण भएको ।

(ख) अन्तिम कर चुक्ता र अन्तिम आ.व. को लेखापरीक्षण भएको ।

(ग) फर्म सञ्चालक वैदेशिक रोजगारीबाट फर्केर आएको नेपाली नागरिक वा तिनका परिवार सदस्य भएको ।

८. **चक्रीय बीऊ पुँजी नगद र वस्तुगत अनुदान सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाले लाभग्राहीलाई लाभग्राहीको आवश्यकता, सीप र व्यवसायिक योजनालाई अनुसूची-५ मा उल्लिखित सूचक र अङ्कभारका आधारमा मूल्याङ्कन गरी वस्तुगत अनुदान वा ३ वर्षका लागि बीऊ पुँजी नगद उपलब्ध गराउनेछ ।

प्रमाणिकरण मिति:२०८२असार ८ गते

.......................

शंकरलाल चौधरी

नगर प्रमुख

(२) उपदफा (१) बमोजिम प्राप्त गरेको रकम, प्राप्त गरेको मितिले ३ वर्ष पूरा भएको महिनाको मसान्तसम्ममा नगरपालिकालाई फिर्ता गर्नुपर्नेछ र नगरपालिकाले उक्त रकम अर्को लाभग्राहीलाई चक्रीय रुपमा प्रदान गर्नेछ ।

(३) वस्तुगत अनुदानका लागि सम्बन्धित लाभग्रहीले २० प्रतिशत लागत साझेदारी गर्नुपर्नेछ ।

(४) लाभग्राहीले प्राप्त गरेको रकम दफा ९ बमोजिमका कार्य गरे फिर्ता गरिनेछ ।

९. **वस्तुगत अनुदान र रकम फिर्ता हुन सक्नेः** लाभग्राहीले देहाय बमोजिमका कार्य गरेको पाइएमा प्राप्त गरेको रकम र वस्तुगत अनुदान फिर्ता वा असुल उपर गरिनेछः

(क) वस्तुगत अनुदान/रकमको सदुपयोग नगरी अन्यत्रै प्रयोग/खर्च भएको पाइएमा ।

(ख) परियोजना प्रस्ताव बमोजिमको उद्यम/व्यवसाय नगरेमा ।

(ग) सम्झौता पालना नगरेमा ।

(घ) झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा ।

१०. **बजेट बाँडफाँडः** (१) स्थानीय तहले वैदेशिक रोजगारीवाट फिर्ता आएका व्यक्तिहरूका लागि स्वरोजगारी प्रदान गर्ने विंभिन्न कार्यक्रमका लागि विनियोजित कुल बजेटलाई शत प्रतिशत मानी अनुसूची-८ बमोजिमका शीर्षकहरूमा बाडफाँड गरी खर्च गरिनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका शीर्षकहरूमा रकम खर्च हुन नसकेमा वा रकम नपुग भएमा वा कुनै क्षेत्रमा प्रस्ताव कम परेमा सञ्चालक समितिको निर्णयबाट आवश्यक भएको रकम खर्च शीर्षकहरूमा रकमान्तर गर्न सकिनेछ।

## परिच्छेद-३

## समिति सम्बन्धी व्यवस्था

११. **कार्यक्रम सञ्चालक समिति :** (१) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुन:एकीकरण परियोजना सञ्चालन मार्गदर्शन, २०७९ बमोजिमको परियोजना कार्यान्वयन समितिले कार्यक्रम सञ्चालक समितिको भूमिका निर्वाह गर्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिले सरोकारवाला निकाय तथा संस्था र विषयगत विज्ञलाई आवश्यकता बमोजिम बैठकमा आमन्त्रण गर्न सक्नेछ।

१२. **कार्यक्रम सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्थाहरू :** (१) समितको बैठक सामान्यतया महिनाको दुई पटक बस्नेछ र बैठकको कार्यविधि र सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) कामकाजको प्रभावकारिताको आधारमा समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

१३. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार:** (१) कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम सञ्चालनका लागि निर्धारित समयमा आवेदन मागका लागि सूचना प्रकाशन गर्ने र सोको लागि प्रिन्ट तथा डिजिटल सञ्चार सेवाहरूका खरिदका लागि आदेश गर्ने ।

(ख) वैदेशिक रोजगारीबाट फर्केका नागरिकहरूलाई चक्रीय बीऊ पुँजी नगद र वस्तुगत अनुदान सहयोग शीर्षकका लागि वार्षिक रुपमा रामधुनी नगर कार्यपालिकाबाट बजेट विनियोजन हुनका लागि आवश्यक पहल तथा पैरवी गर्ने।

(ग) लाभग्राही दर्ता तथा सूचना व्यवस्थापनका लागि डिजिटल प्रणाली निर्माण गर्न पहल गर्ने ।

प्रमाणिकरण मितिः२०८२असार ५ गते

.............................

शंकरलाल चौधरी

नगर प्रमुख

शंकर लाल चौधरी
नगर प्रमुख
रामधुनी नगरपालिका

CamScanner

(घ) वास्तविक लाभग्राही छनौट गर्ने, सो को लागि निष्पक्ष प्रस्ताव मुल्याङ्कनको वातावरण वनाउन वाह्य सेवा प्रदायकको परामर्श सेवा खरिदका लागि आवश्यक व्यवस्थापन गर्ने गराउने।

(ङ) चक्रीय बीऊ पुँजी नगद र वस्तुगत अनुदान सहयोग प्राप्तिका लागि छनौट भएका योग्य सेवाग्राहीले उक्त रकम र अनुदान प्राप्त गरे नगरेको सुनिश्चित गर्ने गराउने।

(च) सेवाग्राहीले प्राप्त गरेको रकम सदुपयोग गरे नगरेको साथै कार्यक्रमले लक्ष्य प्राप्त भए नभएको सुनिश्चित गर्ने । यसका लागि निष्पक्ष अनुगमन तथा मूल्याङ्कन गराउन बाहय एवम् स्वतन्त्र सेवा प्रदायकहरूको परामर्श सेवा खरिद गर्ने गराउने।

(छ) कार्यक्रमको नियमित अनुगमनका तथा सुपरीवेक्षणका लागि उप समितिलाई आवश्यक निर्देशन तथा सल्लाह सुझाव प्रदान गर्ने ।

(ज) आवश्यक ठानेमा कार्यक्रम सञ्चालन हुने स्थानीय तहहरूसँग स्थानीय तहले सहमती वा समझदारी गरी कार्यक्रमको प्रभावकारिताको लागि नियमित समन्वय गर्ने ।

(झ) कार्यक्रमको प्रभावकारीता वृद्धि गर्न सरोकारवालाहरूको क्षमता विकास गर्न पहल गर्ने गराउने।

(ञ) कार्यक्रमको सफल अभ्यासहरूको प्रचार प्रसारका लागि संघीय, प्रदेश स्तरीय तथा स्थानीय तहहरूबाट आयोजना हुने विभिन्न कार्यक्रमहरूमा सहभागी हुने ।

(ट) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक सवै प्रयास, पहल एवम् कार्यहरू गर्ने गराउने।

(२) उपदफा (१) का अतिरिक्त समितिले नगर कार्यपालिकाले तोकेका कामहरू गर्नेछ ।

**१४. अनुगमन तथा सुपरिवेक्षण:** (१) यंस कार्यविधि बमोजिमको कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकाको अनुगमन समितिले अनुगमन गर्नेछ ।

(२) कार्यक्रम सञ्चालक समितिले आवश्यकता अनुसार कार्यक्रमको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

**१५. अनुगमन तथा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार :** (१) अनुगमन तथा सुपरीवेक्षण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रमबाट सञ्चालन भएका क्रियाकलापहरूको सुपरीवेक्षण र अनुगमन गरी स्थानीय तहका पदाधिकारीहरू सहित सञ्चालन समितिलाई पृष्ठपोषण प्रदान गर्ने गराउने।

(ख) अनुगमनका दौरान प्राप्त भएका सिकाई एवम् सुधारका पक्षहरू सम्बन्धित लाभग्राही, वडा कार्यालय एवम् स्थानीय तहलाई जानकारी गराउने ।

(ग) स्वतन्त्र सेवा प्रदायकहरूबाट सम्पादित कार्यहरूको प्रतिवेदन मस्यौदा उपर सुझाव प्रदान गर्ने र अन्तिम प्रतिवेदनहरूको अभिलेखीकरण गर्ने वा गर्नका लगि आवश्यक व्यवस्था गर्ने गराउने।

(घ) सेवा प्रवाहमा सुधारका लागि आवश्यक मानवीय श्रोतको व्यवस्थापन तथा परिचालनका लागि सञ्चालन समिति समक्ष सुझाव पेश गर्ने ।

(ङ) सेवाग्राही दर्ता तथा सूचना व्यवस्थापन प्रणालिको कार्यान्वयन, व्यवस्थापन एवम् अद्यावधिकका लागि आवश्यक सवै पहल गर्ने गराउने।

(च) कार्यक्रम कार्यान्वयनवाट प्राप्त परिणामहरूको विश्लेषण गरि सफल र असफल सिकाइहरूको संग्रह बनाई सञ्चालक समिति समक्ष पेश गर्ने । यसका लागि आवश्यक बाहय जनशक्तिका लागि समिति समक्ष सुझाव पेश गर्ने ।

प्रमाणिकरण मिति: २०८२ असार ८ गते

.........................

शंकरलाल चौधरी

नगर प्रमुख

(छ) सूचना सम्प्रेषणका लागि सहकार्य गरेका सञ्चार माध्यमको प्रभाव एवम् प्रभावकारीता मूल्याङ्कन गरी स्थानीय तह एवम् समिति समक्ष पेश गर्ने ।

**१६. सेवा सुविधा:** (१) समिति र उपसमितिको बैठक खर्च नगरपालिकाको प्रचलित मापदण्ड अनुसार हुनेछ।

(२) कार्यक्रम कार्यान्वयनका अवधिमा कुनै स्थानको भ्रमण गर्नुपरेमा नियमानुसारको दैनिक भ्रमण भत्ता समितिका पदाधिकारी र सदस्यहरूलाई उपलब्ध हुनेछ ।

(३) कार्यक्रमको प्रभावकारिताको लागि विज्ञ परिचालन गर्दा नगरपालिकाको प्रचलित मापदण्ड बमोजिम गरिनेछ।

## परिच्छेद - ४

## कार्यक्रम कार्यान्वयनका चरणहरू

**१७. सूचना प्रकाशन र आवेदन सङ्कलन:** (१) यस कार्यविधि बमोजिम गठन भएको सञ्चालक समितिको बैठकले निर्णय गरी कार्यक्रममा सहभागी हुन इच्छुक लाभग्राहीहरूबाट आवेदन आह्वान गर्न १५ दिनको म्याद राखी सूचना प्रकाशन गर्नेछ ।

(२) आवेदन सङ्कलन आवश्यकता अनुसार नगरपालिकाको कार्यालयको सम्बन्धित शाखाबाट हुनेछ ।

(३) व्यक्तिगत लाभग्राहीले आवेदन पेश गर्दा अनुसूची-१ बमोजिमको ढाँचामा र समूह, सहकारी, निजि/साझेदारी फर्म एवम् कम्पनीहरूले आवेदन पेश गर्दा अनुसूची-२ बमोजिमको ढाँचामा अनुसूची-३ बमोजिम तोकिएका कागजातहरू संलग्न राखी आवेदन पेश गर्नुपर्नेछ ।

**१८. मूल्याङ्कन :** (१) आवेदन फारामहरु माथि अनुसूची-५ मा उल्लेखित मूल्याङ्कनका सूचकहरु र अनुसूची ४ बमोजिमको व्यवसायिक योजनाको आधारमा सञ्चालक समितिले आवेदकहरु मध्येबाट लाभग्राही छनौट गरी आवेदन स्वीकृति र बीऊ पुँजी प्रवाहको लागि सिफारिस गर्नेछ ।

**१९. आवेदन स्वीकृति र सम्झौता:** (१) दफा १८ बमोजिम सिफारिस भएका लाभग्राहीहरुको आवेदन कार्यालयले स्वीकृत गरी अनुसूची-६ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

(२) कार्यालयले सम्झौता भएपश्चात् लाभग्राहीहरुको नामावली प्रकाशन गर्नेछ ।

**२०. वस्तुगत अनुदान वितरण वा बीऊ पुँजी प्रवाह :** (१) लाभग्राहीहरुले पेश गरेको निवेदन र तिनको मूल्याङ्कनको आधारमा दफा ८ बमोजिम सञ्चालक समितिले निर्णय गरी लाभग्राहीको मागको आधारमा वस्तुगत सामाग्रीहरु खरिद गरी वितरण वा बैङ्क खाता मार्फत् चक्रीय बीऊ पुँजी प्रवाह गर्नेछ ।

**२१. कार्यक्रम कार्यान्वयन अनुगमन र मूल्याङ्कन :** (१) दफा १४ बमोजिमको अनुगमन समितिले अनुसूची-७ को ढाँचा प्रयोग गरी अनुगमन र मूल्याङ्कन गर्नुपर्नेछ ।

**२२. बीऊ पुँजी फिर्ता र पुन: लगानी :** (१) कार्यालयले प्रवाह गरेको बीऊ पुँजी दफा ८ बमोजिम ३ वर्ष पूरा भएपछि लाभग्राहीले कार्यालयको खातामा फिर्ता गर्नुपर्नेछ ।

(२) यसरी फिर्ता भएको बीऊ पुँजी रकम लाभग्राही नदोहोरिने गरी कार्यालयले पुनः लगानी गर्न सक्नेछ ।

## परिच्छेद- ५

## विविध

**२३. कार्यविधिको पालना गर्नुपर्नेः** (१) समिति तथा उपसमिति, लाभग्राही, परामर्शदाता, विज्ञ तथा कर्मचारीले आफ्नो कार्यक्रम सञ्चालनको क्रममा यो कार्यविधिको समेत पालना गर्नुपर्नेछ।

प्रमाणिकरण मिति: २०८२असार ८ गते

..................

शंकरलाल चौधरी

नगर प्रमुख

(२) यस कार्यक्रमको कार्यक्षेत्र भित्र पर्ने सबै वडा कार्यालयहरू, गैरसरकारी संस्थाहरू, निजी कम्पनीहरू एवम् सहकारी संस्थाहरूले यो कार्यविधिको पालना गर्नुपर्नेछ ।

(३) कार्यक्रमसँग सम्बन्धित सम्पूर्ण व्यक्तिहरूले यो कार्यविधिको पालना गर्नुपर्नेछ ।

२४. **बाधा अड्काउः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले सो सम्बन्धी आवश्यक निर्णय गर्नेछ ।

२५. **संशोधनः** यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानूनको अधीनमा रही नगर कार्यपालिकाको हुनेछ।

प्रमाणिकरण मिति:२०८२असार [illegible] गते

.............................

शंकरलाल चौधरी

नगर प्रमुख

CamScanner

अनुसूची १

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

| आवेदकको हालसालै खिचेको तस्वीर |
|---|

## व्यक्तिगत आवेदन फारम

**व्यक्तिगत जानकारी:**

१. पूरा नाम: ________________________________

२. लिंग: [ ] पुरुष [ ] महिला [ ] अन्य

३. जन्ममिति:____________

४. नागरिकता नम्बर: ______________

५. राहदानी नम्बर: ______________

६. सम्पर्क नम्बर: ______________

७. इमेल ठेगाना: ______________

८. स्थायी ठेगाना: ________________________________

९. वडा नम्बर: _____

१०. नगरपालिका: रामधुनी नगरपालिका

११. प्रदेश: ____________

१२. वैदेशिक रोजगारीबाट फर्केको देश : ______________

१३. वैदेशिक रोजगारबाट फर्केको मिति : __________

**रोजगारीको अवस्था:**

१४. के तपाईं अहिले बेरोजगार हुनुहुन्छ? [ ] हो [ ] होइन

१५. यदि हो भने, कृपया रोजगार सेवा केन्द्रमा बेरोजगारी सूचिमा सूचीकरणको प्रमाण पत्र नं:
______________

**व्यवसाय प्रस्ताव:**

१६. प्रस्तावित व्यवसायको नाम: ________________________

१७. व्यवसाय क्षेत्र (एउटा रोज्नुहोस्):

[ ] उत्पादक उद्यमहरू

[ ] सेवा-उन्मुख उद्यमहरू

[ ] व्यापार

[ ] पारम्परिक कौशल

[ ] अन्य व्यावसायिक कार्य

१८. बिजनेस आइडियाको संक्षिप्त विवरण:
________________________________

१९. व्यवसायको अपेक्षित सुरु मिति: __________

प्रमाणिकरण मिति: २०८२असार ८ गते

...................

शंकरलाल चौधरी

नगर प्रमुख

शंकर लाल चौधरी
नगर प्रमुख
रामधुनी नगरपालिका

CamScanner

२०. व्यवसाय योजना संलग्न: [ ] हो [ ] होइन

**वित्तीय सहायता आवश्यकताहरू:**

२१. आवश्यक चक्रीय बीऊ पुँजी रकम: रु ____________________

२२. वस्तुगत अनुदानको रुपमा माग गरिएको सामाग्रीको विवरण: ____________________

२३. माग गरिएको रकम र सामाग्री कसरी प्रयोग गरिनेछ भन्ने कुरा खुलाउनुहोस:

**संलग्न कागजात:**

- नेपाली नागरिकताको प्रतिलिपि
- बेरोजगारी सूचीमा सूचीकरणको प्रमाण (भएमा)
- व्यवसाय योजना
- राहदानी प्रतिलिपि
- कार्यविधि अनुसार आवश्यक भएका कागजातहरु

**घोषणा:**

यस आवेदन फारममा उल्लेख गरिएको सबै जानकारी सत्य र सही छ। मैले दिएको जानकारी गलत ठहरिएर मेरो आवेदन अस्वीकृत हुन सक्ने कुरामा सहमत छु ।

हस्ताक्षर: ________________________ मिति: ______________

| दायाँ | बायाँ |
|---|---|
| | |
| औंठा छाप | |

प्रमाणिकरण मितिः२०८२असार ८ गते

.............................

शंकरलाल चौधरी

नगर प्रमुख

शंकर लाल चौधरी
नगर प्रमुख

अनुसूची २

(कार्यविधिको दफा ७ को उपदफा (२), (३) र (४) सँग सम्बन्धित)

**"समूह, सहकारी, निजि/साझेदारी फर्म एवम् कम्पनीहरूका लागि आवेदन फारम"**

(क) आधारभूत विवरण

| | |
|---|---|
| समूह, सहकारी, निजि/साझेदारी फर्म वा कम्पनीको नाम | |
| ठेगाना | |
| टोलको नाम | |
| स्थानीय तहको नाम | |
| जिल्ला | |
| दर्ता नं. | |
| दर्ता भएको कार्यालय | |
| अन्तिम नवीकरण भएको मिति | |
| सम्पर्क व्यक्तिको नाम | |
| सम्पर्क नं. तथा इमेल | |
| बैंकको नाम र खाता नं. | |

(ख) समूह, सहकारी, निजि/साझेदारी फर्म वा कम्पनी स्थापना मिति:-

(ग) समूह, सहकारी वा कम्पनीको सदस्य वा शेयर सदस्यहरूको विवरण:-

| सदस्यको विवरण | संख्या | कैफियत |
|---|---|---|
| पुरुष | | |
| महिला | | |
| जनजाती | | |
| दलित | | |
| अन्य | | |
| मुस्लिम | | |
| वैदेशिक रोजगारीवाट फिर्ता आएको व्यक्ति | | |
| वैदेशिक रोजगारीमा रहेका घरपरिवारका व्यक्तिहरू | | |
| जम्मा | | |

(घ) समूह, सहकारी, निजि/साझेदारी फर्म वा कम्पनी सञ्चालकको विवरण

| क्र.स. | नाम र थर | पद | लिङ्ग | जाति | सम्पर्क नं. | वैदेशिक रोजागरीवाट फिर्ता आएको अवस्था |
|---|---|---|---|---|---|---|
| | | | | | | |

प्रमाणिकरण मितिः २०८२ असार ८ गते

..............................

शंकरलाल चौधरी

नगर प्रमुख

शंकरलाल चौधरी नगर प्रमुख रामधुनी नगरपालिका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |

सञ्चालक समितिमा एकै परिवारका दुई वा दुई भन्दा बढी सदस्य भए उल्लेख गर्नुहोस ।

(ङ) समूह, सहकारी, निजि/साझेदारी फर्म वा कम्पनीसँग हालमा भएको कुल सम्पति रकममा:-रु.

(च) विगत पाँच वर्षको अवधिमा कुनै दात्रि संस्था वा सरकारी निकायहरूसँग अनुदान लिएको कुल रकम रु.

(छ) विगतमा लिएको अनुदानवाट गरेको कार्यहरू र त्यस्को उपलब्धि वारे उल्लेख गर्नुहोस

- .
- .
- .
- .
- .
- .

(ज) हाल गर्न चाहेको व्यवसायिक कार्यको नाम:-

(झ) यो व्यवसायिक कार्य गर्न खोज्नुको प्रमुख पाँच कारणहरु उल्लेख गर्नुहोस :- .

१..
२..
३..
४..
५..

| (छ) रकम र अनुदान सदुपयोगको प्रतिवद्धता (टिक लगाउनुहोस) | | |
|---|---|---|
| कार्यक्रमवाट प्राप्त अनुदानको हामी सत प्रतिशत सदुपयोगका लागि | प्रतिवद्ध छौं | भन्न सकिदैन |
| रकम र अनुदान प्राप्ती पछि हाम्रो संस्था आफ्नो सदस्यका लागि स्वरोजगारी आर्फै सिर्जना गर्न | प्रतिवद्ध छौं | भन्न सकिदैन |
| हाम्रो व्यवसायिक कार्यमा थप व्यक्तिहरूका लागि रोजगार सिर्जना गर्न हामी | प्रतिवद्ध छौं | भन्न सकिदैन |

हामी द्वारा हाम्रो समूह/सहकारी/निजी/साझेदारी फर्म/कम्पनीको वारेमा माथि उल्लेख गरिएका सम्पूर्ण विवरणहरू सत्य हुन फरक परेमा हाम्रो समूह/संस्था/फर्म अनुदान लिन अयोग्य ठहर हुनुका साथै कानुन अनुसारको सहुँला बुझाउँला । यस कार्यक्रममा सहभागी हुने अवसर प्राप्त भएको खण्डमा आफ्नो सदस्य/शेयर सदस्यहरूका लागि

प्रमाणिकरण मिति:२०८२असार ८ गते

शंकरलाल चौधरी
नगर प्रमुख

स्वरोजगार सिर्जना हाम्रो समूह/संस्था/फर्मले गर्नेछ साथै कार्यालयले जारी गरेको नियमानुसारका शर्तहरू हामीलाई मन्जुर छ र सोको पालना गर्न प्रतिवद्ध छौं ।

संस्थाको छाप

संस्था प्रमुखको हस्ताक्षर :- ................................

आवेदन गरेको मिति :-

अनुसूची - ३

(कार्यविधिको दफा १७ सँग सम्बन्धित)

**लाभग्राहीले आवेदन फारम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

(क) व्यक्तिगत लाभग्राहीले पेश गर्नुपर्ने कागजातहरू देहाय बमोजिम रहेकाछन्:

(१) नेपाली नागरिकताको प्रतिलिपी

(२) रोजगार सेवा केन्द्रमा बेरोजगार सूचिमा सूचीकृत भएको प्रमाण

(३) अनुसूची-१ को ढाँचामा निवेदन

(४) अनुसूची ४ बमोजिमको व्यवसायिक योजना

(५) राहदानीको प्रतिलिपी

(६) ३ वर्षे व्यवसायिक प्रतिबद्धता

(७) सम्बन्धित वडाको सिफारिस

(ख) समूहगत लाभग्राहीले पेश गर्नुपर्ने कागजातहरू देहाय बमोजिम रहेकाछन्:

(१) रामधुनी नगरपालिकामा दर्ता र नवीकरण भएको प्रमाण

(२) अनुसूची ४ बमोजिमको व्यावसायिक योजना

(३) अनुसूची २ बमोजिमको निवेदन

(४) सम्पूर्ण सदस्यहरूको नागरिकताको प्रतिलिपी

(५) व्यवसायिक योजना

(६) अन्तिम आ.व. को लेखापरीक्षण प्रतिवेदन

(७) वैदेशिक रोजगारीबाट फर्किएर आएका सदस्यहरूको राहदानीको प्रतिलिपी

(८) समूहको निर्णयको प्रतिलिपी

(९) बैङ्क खाताको स्टेटमेन्ट

(१०) ३ वर्षे व्यवसायिक प्रतिबद्धता

(११) सम्बन्धित वडाको सिफारिस

(ग) सहकारी संस्थाले पेश गर्नुपर्ने कागजातहरू देहाय बमोजिम रहेकाछन्:

(१) दर्ता र नवीकरण भएको प्रमाण

(२) अनुसूची ४ बमोजिमको व्यावसायिक योजना

(३) अनुसूची २ बमोजिमको निवेदन

प्रमाणिकरण मितिः२०८२असार ८ गते

............................

शंकरलाल चौधरी

नगर प्रमुख

CamScanner

(४) सम्पूर्ण सदस्यहरूको नागरिकताको प्रतिलिपी

(५) व्यवसायिक योजना

(६) अन्तिम आ.व.को लेखापरीक्षण प्रतिवेदन

(७) वैदेशिक रोजगारीबाट फर्किएर आएका सदस्यहरूको राहदानीको प्रतिलिपी

(८) निर्णयको प्रतिलिपी

(९) सम्बन्धित वडाको सिफारिस

(१०) सहकारी संस्थाको कुल सेयर मध्ये वैदेशिक रोजगारीवाट फिर्ता आएको व्यक्ति वा तिनका परिवारको कम्तिमा ५० प्रतिशत सेयर भएको प्रमाण ।

(११) अन्तिम कर चुक्ताको प्रमाण पत्र

(१२) ३-वर्षे व्यवसायिक प्रतिबद्धता

(घ) निजी फर्म/कम्पनीले पेश गर्नुपर्ने कागजातहरू देहाय बमोजिम रहेकाछन्:

(१) दर्ता र नवीकरण भएको प्रमाण

(२) अनुसूची ४ बमोजिमको व्यावसायिक योजना

(३) अनुसूची २ बमोजिमको निवेदन

(४) सञ्चालकको नागरिकताको प्रतिलिपी

(५) व्यवसायिक योजना

(६) अन्तिम आ.व. को लेखापरीक्षण प्रतिवेदन

(७) सञ्चालकको राहदानीको प्रतिलिपी

(८) सम्बन्धित वडाको सिफारिस

(९) अन्तिम कर चुक्ताको प्रमाण पत्र

(१०) ३ वर्षे व्यवसायिक प्रतिबद्धता

शंकर लाल चौधरी
नगर प्रमुख
रामधुनी नगरपालिका

प्रमाणिकरण मितिः२०८२असार ८ गते

.........................

शंकरलाल चौधरी

नगर प्रमुख

CamScanner

अनुसूची - ४
(कार्यविधिको दफा १८ सँग सम्बन्धित)

## व्यावसायिक योजनाको ढाँचा

**क) परिचय:**

| जानकारी | विवरणहरू |
|---|---|
| व्यवसायको नाम | |
| सामान उत्पादन र सेवाको सुरुवात मिति | |
| अनुमानित कुल लगानी | |
| आवेदक (व्यक्तिगत/समूह/फर्म/सहकारी/कम्पनी) | |
| पत्राचार ठेगाना | |
| सम्पर्क व्यक्तिको नाम | |
| सम्पर्क व्यक्तिको मोबाइल नं. | |
| इमेल (उपलब्ध भएमा) | |

**ख) आवेदकको अनुभव विवरण:**

| जानकारी | छोटो व्याख्या |
|---|---|
| आवेदकको नाम | |
| सँगठनात्मक संरचना (संस्थागत भएमा) | |
| अवस्थित पूर्वाधार | |
| बजार र प्रतिस्पर्धा स्थिति | |
| पछिल्लो तीन वर्षको अनुभव (विस्तारको लागि) | |
| वार्षिक कारोबार र औसत लाभ विवरण (विस्तारको लागि) | |
| प्रमुख क्षमता र सबल पक्षहरू | |

**ग) वस्तु वा सेवाको विवरण:**

प्रमाणिकरण मिति:२०८२असार ८ गते
.........................
शंकरलाल चौधरी
नगर प्रमुख

| जानकारी | विवरण |
| --- | --- |
| वस्तु र सेवाहरूको विशिष्टता | |
| सामान र सेवाको गुणस्तर | |
| सम्भावित चुनौती र न्यूनीकरण रणनीतिहरू | |

**घ) वस्तु उत्पादन वा सेवा वितरण लक्ष्य:**

| लक्ष्य | दैनिक | साप्ताहिक | मासिक | पहिलो वार्षिक | दोस्रो वार्षिक | तेस्रो वार्षिक |
| --- | --- | --- | --- | --- | --- | --- |
| उत्पादन/सेवा | | | | | | |

**ङ) कच्चा पदार्थको विवरण:-**

| क्र सं | वस्तु विवरण | एकाइ | परिमाण | दर | कुल रकम रु. | दोस्रो वर्ष | तेस्रो वर्ष |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ... | | | | | | | |
| जम्मा | | | | | | | |
| ह्रास कट्टि | | | | | | | |
| स्व-लगानी | | | | | | | |

**च) मेसिन उपकरण र प्रविधिहरू:**

| क्र सं | वस्तु विवरण | एकाइ | परिमाण | दर | कुल रकम रु. | दोस्रो वर्ष | तेस्रो वर्ष |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ... | | | | | | | |
| जम्मा | | | | | | | |
| ह्रास कट्टि | | | | | | | |
| स्व-लगानी | | | | | | | |
| आवश्यक अनुदान रकम | | | | | | | |

**छ) वार्षिक रोजगार सृजना र श्रमिक खर्च:**

प्रमाणिकरण मिति:२०८२असार २ गते

..............................

शंकरलाल चौधरी

नगर प्रमुख

शंकर लाल चौधरी नगर प्रमुख ... घोडाघोडी नगरपालिका

| कामदारहरूको विवरण | एकाइ | परिमाण | ज्याला वा ज्याला दर | कुल रकम रु. | दोस्रो वर्ष | तेस्रो वर्ष |
|---|---|---|---|---|---|---|
| प्रत्यक्ष कामदार | | | | | | |
| प्रत्यक्ष कामदार | | | | | | |
| कुल जम्मा | | | | | | |
| अप्रत्यक्ष कामदार | | | | | | |
| अप्रत्यक्ष कामदार | | | | | | |
| कुल जम्मा | | | | | | |

**ज) अन्य खर्चको विवरण:**

| क्र सं | वस्तु विवरण | एकाइ | परिमाण | दर | कुल रकम रु. | दोस्रो वर्ष | तेस्रो वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ... | | | | | | | |
| जम्मा | | | | | | | |
| स्व-लगानी | | | | | | | |
| आवश्यक अनुदान रकम | | | | | | | |

**झ) आवश्यक लगानी :**

| विवरणहरू | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष |
|---|---|---|---|
| कच्चा माल खरिद गर्न को लागी | | | |
| मेसिन उपकरण र अन्य निर्माणको लागि | | | |
| कामदार खर्च | | | |
| अन्य खर्चहरू | | | |
| कुल लगानी आवश्यक रु. | | | |
| कुल स्व-लगानी रु. | | | |
| कुल स्व-लगानीको वैदेशिक रोजगारीबाट आर्जन भएको रेमिट्यान्स रु. | | | |
| क्रेडिट आवश्यकताहरू (बैंक वा सहकारी) | | | |
| अनुदानको आवश्यकता | | | |

प्रमाणिकरण मिति:२०८२अ[illegible] ८ गते

..............................

शंकरलाल चौधरी

नगर प्रमुख

शंकरलाल चौधरी
नगर प्रमुख
[illegible] नगरपालिका

ञ) प्रति एकाइ उत्पादित सामाग्री वा सेवा लागत:

ट) अनुमानित कुल बिक्री:

| वस्तु/सेवा विवरण | एकाइ | परिमाण | बिक्री दर | कुल बिक्री रु. | दोस्रो वर्ष | तेस्रो वर्ष |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ... | | | | | | |
| बिक्रीबाट कुल आम्दानी रु. | | | | | | |

ठ) वित्तीय विश्लेषण:

| विवरणहरू | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष |
|---|---|---|---|
| नाफा | | | |
| लगानी पूर्ति | | | |
| अनुदान फिर्ता | | | |

ड) ऋण चुक्ता गर्ने तालिका:

ढ) निष्कर्ष:

खर्च संरचना:

| खर्च गर्नुपर्ने सामान र सेवाहरू | नगरपालिकाबाट प्राप्त रकम रु. | स्व-लगानी रु. | कुल रकम |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ... | | | |
| कुल जम्मा | | | |

प्रमाणिकरण मितिः२०८२असार ... गते

............................

शंकरलाल चौधरी

नगर प्रमुख

शंकर लाल चौधरी
नगर प्रमुख
रामधुनी नगरपालिका

CamScanner

अनुसूची ५

(कार्यविधिको दफा १८ सँग सम्बन्धित)

**आवेदन मूल्याङ्कनका सूचकहरू र अङ्कभार**

| मापदण्ड | विवरण | अवस्था | अङ्क | कुल अङ्क |
|---|---|---|---|---|
| व्यापार औचित्यता | व्यापार योजनाको सम्भाव्यता र आम्दानीको सम्भावना | कम सम्भाव्यता, न्यूनतम आय सम्भावना | ० | १० |
| | | मध्यम सम्भाव्यता, केही आय सम्भावना | ५ | |
| | | राम्रो सम्भाव्यता, पर्याप्त आय सम्भावना | १० | |
| फिर्ता हुने स्थिति | वैदेशिक रोजगारीबाट फर्किएका नेपाली नागरिक | वैदेशिक रोजगारीबाट फर्किएको | ५ | १० |
| | | वैदेशिक रोजगारी(खाडी मुलुक)बाट फर्किएको | १० | |
| निवास र कार्यस्थल | रामधुनी नगरपालिका भित्र स्थायी बसोबास र कार्यस्थल | रामधुनी नगरपालिका बाहिरको नागरिक | ५ | १० |
| | | रामधुनी नगरपालिका भित्रको नागरिक | १० | |
| उमेर र अनुभव | २५ देखि ५५ वर्ष बीचको उमेर; कार्य अनुभव वा प्रशिक्षण | २५ वर्ष मुनि वा ५५ वर्ष माथि उमेर | ५ | १५ |
| | | दायरा भित्र उमेर तर सान्दर्भिक अनुभवको कमी रहेको | १० | |
| | | केही सान्दर्भिक अनुभव वा प्रशिक्षणको साथ दायरा भित्र उमेर | १५ | |
| बेरोजगारी स्थिति | रोजगार सेवा केन्द्रमा बेरोजगारी सूचिमा सूचीकरण | बेरोजगारी सूचीमा सूचीबद्ध नरहेको | ५ | १० |
| | | बेरोजगारी सूचीमा सूचीबद्ध रहेको | १० | |
| प्रतिबद्धता र जवाफदेहिता | कम्तीमा ३ वर्षको लागि प्रस्तावित व्यवसायमा संलग्न हुन इच्छुक | ३ वर्षको लागि प्रस्तावित व्यवसायमा प्रतिबद्ध हुन इच्छुक नरहेको | ० | १० |
| | | प्रस्तावित व्यवसायको लागि आंशिक प्रतिबद्धता रहेको | ५ | |
| | | ३ वर्षको लागि प्रस्तावित व्यवसायमा पूर्ण रूपमा प्रतिबद्ध रहेको | १० | |
| आर्थिक आवश्यकता | आर्थिक सहयोगको आवश्यकता देखाएको | वितीय सहायताको आवश्यकता न्यून रहेको | ५ | १० |
| | | वितीय सहायताको आवश्यकता उच्च रहेको | १० | |
| सामाजिक प्रभाव | समुदायमा रोजगारीका अवसरहरू सिर्जना गर्ने सम्भावना | रोजगारीका अवसरहरू सिर्जना गर्ने न्यूनतम सम्भावना रहेको | ५ | १० |
| | | रोजगारीका अवसरहरू सिर्जना गर्ने सम्भावना | १० | |

प्रमाणिकरण मिति:२०८२असार १८गते

.........
शंकरलाल चौधरी
नगर प्रमुख

शंकर लाल चौधरी
नगर प्रमुख
रामधुनी नगरपालिका

| मापदण्ड | विवरण | अवस्था | अङ्क | कुल अङ्क |
|---|---|---|---|---|
| | | रहेको | | |
| नवीनता र रचनात्मकता | नविन विचार र दृष्टिकोण | नवीन विचार वा दृष्टिकोणको अभाव रहेको | ५ | १० |
| | | नवीनता र रचनात्मकता रहेको | १० | |
| विगतको अवस्था | जालसाजी, छलकपट वा कोष को दुरुपयोगको इतिहास | जालसाजी छलकपट वा कोष को दुरुपयोगको इतिहास रहेको | ० | ५ |
| | | जालसाजी छलकपट वा कोष को दुरुपयोगको इतिहास नरहेको | ५ | |

**जम्माः १००**

**थप्न सकिनेः बैदेशिक रोजगारीबाट फर्केका महिला लाभग्राहीलाई जम्मा अङ्कभारमा ५ अङ्क थप गर्न सकिनेछ ।**

प्रमाणिकरण मितिः२०८२असार ८ गते

.................................

शंकरलाल चौधरी

नगर प्रमुख

अनुसूची ६
(कार्यविधिको दफा १९ को उपदफा (१) सँग सम्बन्धित)

**स्व-रोजगार कार्यक्रम सञ्चालनका लागि चक्रीय बीऊ पुँजी र वस्तुगत अनुदान सम्झौता**
**(सम्झौता नं. .........)**

आज मिति गते तदनुसार इ.स. २० । । तारिख ................का दिन ............................उपमहानगर/नगर/गाउँपालिका, ........................ प्रदेश (यसपछि पहिलो पक्ष भनिएको) र.............................. प्रदेश, .............. जिल्ला, ...................... गाउँ/नगर/उपमहानगर/पालिका वार्ड नं........मा स्थाई बसोवास/कार्यालय रहेका व्यक्ती/समूह/सहकारी/निजी साझेदारी फर्म/कम्पनी (यसपछि दोश्रो पक्ष भनिएको) बीच तल उल्लेखित शर्तहरू हामी दुवै पक्षहरूलाई मान्य रहेको छ । दोश्रो पक्षबाट प्रस्तावित व्यवसायिक योजना कार्यान्वयन गर्न दुवै पक्षहरू मञ्जुर भई यस सम्झौतामा हस्ताक्षर गरी एक-एक प्रति लियौं/दियौं।

| क्र.स. | शीर्षकहरू | शर्त तथा विवरणहरू |
|---|---|---|
| १ | क्रियाकलापहरू | क. दोश्रो पक्षले तालिका-१ मा उल्लेखित क्रियाकलापहरू निर्धारित समयभित्र सम्पन्न गर्नेछ।<br>ख. दोश्रो पक्षले व्यावसायिक क्रियाकलापहरू सञ्चालन गर्नका लागि तालिका-१ अनुसारको लगानी सहितको कार्य योजना उपलब्ध गराउनेछ ।<br>ग. दोश्रो पक्षले पहिलो पक्षले निर्धारण गरेको ढाँचा र समय अवधिहरू भित्र पहिलो पक्ष समक्ष प्रगति प्रतिवेदनहरू पेश गर्नेछ। |
| २ | समयावधी | दोश्रो पक्षले यस सम्झौतामा उल्लेख सम्पूर्ण क्रियाकलापहरू मिति ................................ गतेमा सुरु गरी मिति ................................... सम्ममा सम्पन्न गरी सक्नुपर्नेछ । |
| ३ | रकम भुक्तानी | क. स्व-रोजगार अनुदान कार्यक्रमका लागि तालिकामा प्रस्तुत गरिए अनुसार, पहिलो पक्षले बीऊ पुँजी रकम रु. ........./- (अक्षरुपी ) मा नबढ्ने गरी दोश्रो पक्षलाई भुक्तानी गर्नेछ.।<br>ख. किस्ताको तालिका |

| किस्ता | प्रतिशत | कुल रकम | दोश्रो पक्षको दायित्व |
|---|---|---|---|
| प्रथम | ५० | | सम्झौता भएपछि तत्काल |
| दोश्रो | ५० | | |

प्रमाणिकरण मिति: २०८१ असार ८ गते
..............
शंकरलाल चौधरी
नगर प्रमुख

| | | |
|---|---|---|
| | | कुल १०० |
| ४ | कार्य सम्पादन गुणस्तर | दोश्रो पक्षले स्व-रोजगार अनुदान सम्बन्धी क्रियाकलापहरू उच्चतम गुणस्तर र नैतिकता र इमान्दारीका साथ सम्पादन गर्नेछ । अनुगमन टोलीबाट कार्यसम्पादन सन्तोषजनक नभएको भनी कार्यालय समक्ष प्रतिवेदन पेश भएमा पहिलो पक्षले सम्झौता अन्तर्गतका कुनै पनि क्रियाकलाप तत्काल रोक्न सक्नेछ । |
| ५ | सम्पतिको स्वामित्व | यस सम्झौता अन्तर्गत दोश्रो पक्षद्वारा तयार गरिएको कुनै पनि सम्पत्तिहरू दोश्रो पक्षको सम्पतिको रुपमा रहनेछ तर नगरपालिकाबाट प्राप्त रकमबाट सृजित सम्पति दोश्रो पक्षले पाँच वर्षसम्म बिक्रि वितरण गर्न पाउनेछैन । सम्पतिको अभिलेख सुरक्षित राख्ने दायित्व दोश्रो पक्षको हुनेछ र यस्तो सम्पत्तिको एक प्रति विवरण कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ । |
| ६ | जिम्मेवारी | यस सम्झौतामा संलग्न तालिका-१ मा उल्लेख भएका सबै क्रियाकलापहरू समयमै सम्पन्न गर्न दोश्रो पक्ष जिम्मेवार हुनेछ भने समयमै भुक्तानी दिन प्रथम पक्ष जिम्मेवार हुनेछ । |
| ७ | अप्रत्याशित घटना | अनपेक्षित विपत्ति, दैवी प्रकोप, दंगा, लडाई, हडताल, श्रम अवरोध, अदालत आदेश वा सरकारी हस्तक्षेप, अशान्तिका कारण भएमा वा कुनै खण्डको पालनामा दोश्रो पक्ष वा पहिलो पक्षको गल्ती वा लापरवाही बिना नै काबु बाहिरको परिस्थितिका कारण व्यवसायिक योजना कार्यान्वयनमा बाधा परी दोश्रो पक्षले पूर्ण रुपमा औचित्य खुलाई म्याद थपका लागि अनुरोध गर्नसक्नेछ । यदि दोश्रो पक्षले पेश गरेको औचित्य उचित लागेमा पहिलो पक्षलाई सम्झौताको अवधि बढाउन सक्ने अधिकार हुनेछ । |
| ८ | बीमा | पहिलो पक्ष कुनै बीमा राशीको भुक्तानीका लागि जिम्मेवार हुनेछैन । स्व-रोजगार अनुदान कार्यक्रम कार्यान्वयनका क्रममा हुन सक्ने कुनै दुर्घटना, बिरामी, क्षति वा मृत्युका लागि पहिलो पक्ष जिम्मेवार हुनेछैन । |
| ९ | विवाद समाधान | यस सम्झौताको कार्यान्वयनको क्रममा कुनै पक्षहरू बीच कुनै विवाद उत्पन्न भएमा स्थानीय तहको अनुगमन तथा मूल्यांङ्कन समितिले दिएको निर्णय अन्तिम निर्णय हुनेछ । |
| १० | बीऊ पुँजी फिर्ता | बीऊ पुँजी प्रवाह भएको मितिले ३ वर्ष पूरा भएको महिनाको मसान्तसम्ममा दोस्रो पक्षले पहिलो पक्षलाई बीऊ पुँजी वापतको सम्पूर्ण रकम फिर्ता गर्नुपर्नेछ । तोकिएको समयमा दोस्रो पक्षले बीऊ पुँजी रकम फिर्ता नगरेमा प्रथम पक्षले प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ । |

**दोश्रो पक्षको तर्फबाट**

हस्ताक्षर ..............................

नाम:-..............................

ठेगाना..............................

पद:- ..............................

मिति

**प्रथम पक्षको तर्फबाट**

(स्थानीय तहको तर्फबाट)

हस्ताक्षर ..............................

नाम:-..............................

पद:-..............................

मिति

प्रमाणिकरण मितिः२०८२असार८ गते

..............................

शंकरलाल चौधरी

नगर प्रमुख

साक्षी

हस्ताक्षर ..........................................
नामः-..............................................
ठेगाना..............................................

साक्षी

हस्ताक्षर ..........................................
नामः-..............................................
ठेगाना..............................................

**दोश्रो पक्षको बैंक खाता विवरण**

खातावालको नाम :-..........................................
बैंकको खाता नं. :-
बैंकको नाम/शाखाः-
सम्पर्क मोवाईल नं.:-

तालिका-१, लगानी सहितको कार्य योजना

| क्र.स. | क्रियाकलापको नाम | लगानी रु. | | कार्य योजना (साल २०८ महिना सहित) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बीउपुँजी | स्व-लगानी | महिना १ | महिना २ | महिना ३ | महिना ४ | महिना ५ |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| | जम्मा रु. | | | | | | | |

प्रमाणिकरण मिति:२०८२असार८ गते
..............................
शंकरलाल चौधरी
नगर प्रमुख

अनुसूची-७

**अनुगमन ढाँचा**

कार्यविधिको दफा २१ सँग सम्बन्धित

**क) समग्र कार्यक्रमको अनुगमन प्रयोजनका लागि**

| क्र. सं. | पक्ष | विवरण | स्थिति | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन | स्व रोजगार कार्यक्रमको कार्यान्वयनको मूल्याङ्कन | | |
| २ | लाभग्राही छनोट | लाभग्राही छनोट गर्ने प्रक्रियाको समीक्षा | | |
| ३ | कोष विनियोजन र वितरण | कोषको विनियोजन र वितरणको मूल्याङ्कन | | |
| ४ | व्यापार प्रगति | लाभग्राहीहरूको व्यवसायको प्रगति अनुगमन | | |
| ५ | नियमको परिपालना | कार्यक्रम नियम र दिशानिर्देशहरूको परिपालनाको सुनिश्चितता | | |
| ६ | वित्तीय व्यवस्थापन | वित्तीय स्रोत व्यवस्थापनको मूल्याङ्कन | | |
| ७ | रोजगारी सृजनामा प्रभाव | रोजगारीका अवसरहरू सिर्जना गर्न कार्यक्रमको प्रभावको मूल्याङ्कन | | |
| ८ | सामुदायिक संलग्नता | स्थानीय समुदायसँग संलग्नता र संलग्नताको समीक्षा | | |
| ९ | तालिम तथा क्षमता अभिवृद्धि | तालिम र क्षमता अभिवृद्धि को अवस्थाको अनुगमन | | |
| १० | सरोकारवालासँग समन्वय | सम्बन्धित सरोकारवालाहरूसँगको समन्वयको मूल्याङ्कन | | |
| ११ | चुनौती र समाधान | सामना गरिएका चुनौतीहरू र प्रस्तावित समाधानहरू पहिचान | | |
| १२ | सिफारिसहरू र अर्को चरणहरू | सुधार र भविष्यका कार्यहरूको लागि सिफारिसहरू प्रदान | | |

**ख) लाभग्राहीले प्राप्त गरेको बीउ पुँजी र अनुदानको उपयोगिताको मूल्याङ्कन प्रयोजनका लागि**

| | |
|---|---|
| व्यक्ति, समूह, सहकारी, निजि वा | |

प्रमाणिकरण मिति:२०८२असार ८ गते

शंकरलाल चौधरी

नगर प्रमुख

| | |
|---|---|
| साझेदारी फर्म वा कम्पनीको नाम | |
| जिल्ला | |
| स्थानीय तहको नाम | |
| वार्ड नं. एवम् वस्तीको नाम | |
| व्यवसायिक कार्य | |
| स्थलगत निरीक्षण गरेको मिति | |

स्थलगत निरीक्षण टोलिले यकिन गर्नुपर्ने बुँदाहरू

| क्र सं | पक्ष | विवरण | स्थिति | कैफियत |
|---|---|---|---|---|
| १ | लाभग्राही द्वारा प्राप्त रकम | लाभग्राहीहरूलाई रकम वितरणको अनुगमन | | |
| २ | बीउ पुँजी र अनुदानको सदुपयोग | लक्षित उद्देश्यका लागि लाभग्राहीहरूद्वारा बीउ पुँजी र अनुदानको प्रयोग अवस्था | | |
| ३ | बीऊ पुँजी र अनुदान वितरण प्रक्रिया | लाभग्राहीहरूलाई बीउ पुँजी र अनुदान वितरण गर्ने प्रक्रियाको मूल्याङ्कन | | |
| ४ | बीऊ पुँजी र अनुदान उपयोगको दस्तावेज | लाभग्राहीहरूले बीऊ पुँजी र अनुदानहरू कसरी प्रयोग गर्छन् भन्ने कागजातहरूको समीक्षा | | |
| ५ | निगरानी आवृत्ति | अनुगमन गतिविधिहरूको आवृत्ति निर्धारण | | |
| ६ | बीऊ पुँजी र अनुदान दिशानिर्देशहरूको परिपालना | सुनिश्चित कि लाभग्राहीहरूले दिशानिर्देश र नियमहरूको पालना गर्छन् | | |
| ७ | बीऊ पुँजी र अनुदान उपयोगिता मूल्याङ्कन | लाभग्राहीहरु द्वारा बीऊ पुँजी र अनुदान उपयोग को प्रभावकारिता को मूल्याङ्कन | | |
| ८ | रिपोर्टिङ र दस्तावेजीकरण | बीऊ पुँजी र अनुदान उपयोग सम्बन्धी प्रतिवेदन र कागजातहरूको समीक्षा | | |

निरीक्षण टोलीको सुझाव

प्रमाणिकरण मिति:२०८२असोज ८ गते

.....................

शंकरलाल चौधरी

नगर प्रमुख

स्थलगत निरीक्षण टोलीका सदस्यहरूको दस्तखत:

| क्र.स. | निरीक्षकहरूको नाम | संस्थाको नाम | पद | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

## अनुसूचि - ८
(कार्यविधिको दफा १० सँग सम्बन्धित)

**बजेट बाँडफाँड तालिकाः**

| क्र. सं | खर्चका शीर्षकहरू | खर्च गरिने प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | उद्यमशीलता विकास र सीपमूलक तालिम सञ्चालन | २०% | तालिम |
| २ | उत्पादनमूलक उद्यम | ४० % | चक्रीय बीउपूँजी |
| ३ | सेवामूलक उद्यम | १६ % | चक्रीय बीउपूँजी |
| ४ | व्यापार व्यवसाय | १५ % | चक्रीय बीउपूँजी |
| ५ | समिति र उप समितिको बैठक सञ्चालन | ०.५ % | कार्यान्वयन खर्च |
| ६ | प्रिन्ट तथा डिजिटल मेडियावाट सूचना प्रकाशन | १ % | कार्यान्वयन खर्च |
| ७ | प्रस्ताव मुल्याङ्कनका लागि वाह्य सेवा प्रदायकको परामर्श सेवा खरिद | २ % | कार्यान्वयन खर्च |
| ८ | कार्यक्रम आन्तरिक अनुगमन एवम् सुपरिवेक्षण | ०.५ % | कार्यान्वयन खर्च |
| ९ | कार्यक्रमको वाह्य एवम् स्वतन्त्र सेवा प्रदायकहरू वाट अनुदान कार्यान्वयन एवम् मुल्याङ्कनका लागि परामर्श सेवा खरिद | २ % | कार्यान्वयन खर्च |
| १० | कार्यक्रमका सरोकारवालाहरूको क्षमता विकास एवम् बैठक सञ्चालन | १ % | कार्यान्वयन खर्च |
| ११ | अभिलेख व्यवस्थापन र विविध | २% | विविध |
| | जम्मा | १००% | |

प्रमाणिकरण मितिः२०८२ असार ८ गते

............................

शंकरलाल चौधरी

नगर प्रमुख